इमेल : vetsecsalyan@gmail.com
वेबसाइट : salyan.vethos.gov.np

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंक्षी विकास निर्देशनालय

# पशु अस्पताल तथा पशु सेवा कार्यालय

सल्यान

पत्र संख्या २०७८/०७९
च.नं.

मिति:-२०७९।०२।०४

## मुख्यमन्त्री उत्कृष्ट कृषक सम्मान कार्यक्रममा सहभागी हुने प्रस्ताव आह्वानको सूचना !!!

कर्णाली प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यानको आ.व.२०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषक, कृषक समुह, कृषि तथा पशु पालन सहकारी, निजि फार्ममा आवद्ध व्यवसायिहरुलाई नगद पुरस्कार सहित सम्मान गर्ने कार्यक्रम रहेको हुदा सल्यान जिल्लाका ईच्छुक कृषक, कृषक समुह, कृषि तथा पशु पालन सहकारी, निजि फार्ममा आवद्ध ब्यवसायिहरुवाट दरखास्त आह्वानको लागी यो सूचना प्रकाशन गरिएको छ।यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०७९।०२।१८ गते भित्र) मुख्यमन्त्री उत्कृष्ट कृषक सम्मान कार्यक्रम संचालन कार्यबिधि २०७८ को अनुसूची-४ बमोजिमको ढाचामा फाराम भरी सम्वन्धित स्थानिय तहको पशु सेवा शाखामा तपसिल अनुसारका कागजात संलग्न राखी आबेदन पेश गर्नुहुन अनुरोध छ।थप जानकारीका लागी पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यानमा सम्पर्क राख्न सकिनेछ।

आवश्यक कागजातहरु:

१. सहकार्यको लागी रु.१० को हुलाक टिकट टाँस गरिएको निवेदन।
२. अनुसूचि-४ बमोजिमको ढाँचामा भरिएको फाराम र निवेदन।
३. समुह/सहकारी/निजि फार्मको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि।
४. सम्वन्धित स्थानिय तह/वडाको सिफारीस पत्र।
५. कृषकको हकमा नागरीकताको प्रमाण पत्रको प्रतिलिपि।
६. सहकारी र निजि फार्मको हकमा गत आ.व.को संस्थाको लेखा परिक्षण भएको प्रतिलिपि।
७. गत आ.व.को कर बुझाएको वा कर छुट भएको भय सम्वन्धित कार्यालयको प्रमाण पत्रको प्रतिलिपि।
८. मन्त्रालय/कार्यालयले तोकेको अन्य कागजातहरु।
९. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणको प्रतिलिपि।

..............................
कपिल प्रसाद उपाध्याय

**न्युनतम मापदण्ड**

१. कार्यक्रममा सहभागी हुने कृषकले दुध उत्पादनका लागी कम्तिमा ५ वटा दुधालु उन्नत गाईभैसी हुनुपर्ने, भेडा/बाख्रा ५० वटा हुनुपर्ने, पंक्षी पालन तर्फ कुखुरा लेयर्स १०००, बोईलर २५००, स्थानिय कुखुरा ५००, माछा पालन १ रोपनी क्षेत्रफलमा ब्यवस्थित तरीकाले माछा पालन गरिएको, घाँस खेतिको हकमा कम्तिमा दश रोपनी क्षेत्रफलमा खेती गरी बिउ तथा बेर्ना उत्पादन गर्ने गरेको हुनुपर्ने।

नोट:-

१. गाईभैसी पालन तर्फवाट १ जना, भेडा/बाख्रा तर्फवाट १ जना, पंक्षिपालन तर्फवाट १ जना, मत्स्यपालन तर्फवाट १ जना , बंगुर/सुगुंरवाट १ जना, घाँस खेती (बिउ तथा बेर्ना उत्पादन) तर्फवाट १ जना, कृषि तथा पशु पालन सहकारी १ वटा, अन्य सहकारी तर्फवाट १ वटा पुरस्कृत गरिनेछ।
२. मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुनको लागी कम्तिमा ३ वर्ष सम्म नेपाल सरकारको कुनै पनि पुरस्कारवाट सम्मानित नभएको कृषक हुनु पर्नेछ।

CS CamScanner